# राजगढ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### नर्घो, सप्तरी

मधेश प्रदेश, नेपाल

गाउँ सभाको १५औं अधिवेशनमा

**गाउँपालिका अध्यक्ष श्री ओम प्रकाश मण्डल ज्यू द्वारा प्रस्तुत**

आर्थिक वर्ष २०८२/०८३ को

# नीति, कार्यक्रम तथा बजेट

मिति २०८२ असाढ ०९ गते सोमवार

**उपाध्यक्ष ज्यू,**
**वडा अध्यक्ष ज्यूहरु,**
**गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु,**
**विषयगत समितिका संयोजक ज्यूहरु,**
**गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु,**
**आमन्त्रित अतिथि गण,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु,**
**सूरक्षाकर्मी, संचारकर्मी, पत्रकार मित्रहरु तथा उपस्थित सम्पूर्ण महानुभाव ज्यूहरुमा न्यानो अभिवादन।**

यस गाउँपालिकाको गाउँसभाको पन्ध्रहौ अधिवेशन सम्बोधन गर्न पाउँदा म गौरवान्वित भएको छु। यस अवसरमा राष्ट्रिय पहिचान प्रति सम्मान गर्दै राजनीतिक परिवर्तनका लागि जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। राजगढ गाउँपालिकाको अलगै ऐतिहासिक पहिचानका साथै सभ्यता र संस्कृतिको दृष्टिले सामाजिक र सांस्कृतिक, धार्मिक विविधतायुक्त पवित्र देव भुमि हो। जसको संरक्षण र सम्बर्द्धन गर्नु हामी निर्वाचित जनप्रतिनिधिहरुको परम कर्तव्य हो। मेरो नेतृत्वको यस स्थानीय सरकार विकास निर्माण, सुशासन र समृद्धिका क्षेत्रमा सहमती तथा समन्वयका साथ अघि बढन प्रतिवद्ध छ। जुन कुरा गर्न सबै राजनीतिक दल, सरोकारवालाहरु र आम नागरिकको साथ र सहकार्यका लागि आव्हान गर्दछु।

<u>**आदरणीय गाउँवासीहरु**</u>

थोपा थोपा पानी गरी समुन्द्र बने झैं सबै स्थानीय तह सुखी, खुसी र समृद्ध नभई प्रदेश र संघ सुखी, खुसी र समृद्ध नहुने भएकाले "समृद्ध नेपाल, सुखी नेपाली" को नारामा नै केन्द्रीत भएर यस गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागी नीति तथा कार्यक्रम तयार गरेको छु। नीति तथा कार्यक्रम तयार पार्दा यस गाउँपालिकाले अघिल्ला आ.व. मा लिइएका नीति तथा विभिन्न विषय र पक्षहरुलाई आधारको रुपमा लिएको व्यहोरा प्रस्तुत गर्दछु।

१. नेपालको संविधान २०७२ को प्रस्तावना, मौलिक हक र कर्तव्य, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवम् एकल अधिकार तथा साझा अधिकार सूची।
२. संघीय तथा प्रदेश सरकारले अंगिकार गरेका आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु।
३. संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु ।
४. स्थानीय तहको आवधिक योजनाहरुले तय गरेका प्राथमिकताहरु।
५. नेपालले अन्तर्राष्ट्रिय जगतमा गरेका प्रतिवद्धताहरु।
६. स्थानीय सरकार संचालन ऐन, २०७४ तथा विभिन्न नियमावलीका प्रावधानहरु।
७. स्थानीय तह क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु।
८. विकासका समसमायिक मुद्दाहरु- सामाजिक संरक्षण, तीव्र दिगो विकास, जलवायु परिवर्तन, विपद्र व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण, समावेशी विकास, वाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुल्ला दिशामुक्त, पूर्ण सरसफाई, पूर्ण खोपयुक्त तथा उर्जा संकट लगायतका अन्तर सम्वन्धित विषयहरु ।
९. राजगढ गाउँपालिकाले आवश्यक देखेका विभिन्न विषयहरु।

उपरोक्त आधारमा यो वर्षको योजना तथा बजेट कार्यक्रम छनौट गर्न निम्न प्राथमिक क्षेत्र तोकिएका छन्।

१. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने।
२. उत्पादन मुलक र छिटो प्रतिफल दिने।
३. राजश्व परिचालनमा योगदान पुऱ्याउने।
४. सेवा प्रवाह, संस्थागत क्षमता अभिवृद्धि र सुशानमा योगदान पुऱ्याउने।
५. स्थानीय श्रोत साधनमा आधारित भई जन सहभागिताको अभिवृद्धि गर्ने।
६. लैंगिक समानता र सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने।
७. दिगो विकास र वातावरण संरक्षण तथा विपद व्यवस्थापनमा योगदान पुऱ्याउने।
८. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्धन गर्ने।

<u>आदरणीय महानुभावहरु:</u>
अव म यस गरिमामय समारोह समक्ष गाउँ सभावाट पारित हुने आर्थिक वर्ष २०८२/०८३ को मुख्य नीति योजना तथा कार्यक्रमहरुको बारेमा संक्षिप्त रुपमा प्रकाश पार्ने अनुमति चाहन्छु।विस्तृत पछि पुस्तकमा प्रकाशन हुने गरी सम्भवत अधिकतम मानिसहरुको हातमा पुऱ्याउने छु।

## क) आर्थिक विकास:

### १) कृषि/पशु

- कृषि क्षेत्रलाई प्रवर्द्धन गर्ने, किसानहरुको उत्पादन लागत घटाउने तथा सिँचाइ प्रणालीलाई सहज बनाउने उद्देश्यले गाउँपालिकाले कृषि प्रयोजनका लागि आवश्यक कृषि विद्युत मिटरको विल गाउँपालिकाद्वारा भुक्तानी गर्ने नीति लिएको छ।
- स्थानीय तहमा कृषिको उत्पादनशीलता बढाउन र माटोको गुणस्तर सुधार गर्न वैज्ञानिक विधिमा आधारित माटो परीक्षण आवश्यक भएकोले गाउँपालिकाले नियमित रुपमा माटो परीक्षण गर्ने नीति लिइने छ ।
- कृषकलाई गुणस्तरीय र उन्नत विज (बिउ) उपलब्ध गराई उत्पादन वृद्धि गर्ने, खाद्य सुरक्षामा योगदान पुऱ्याउने तथा कृषिको आधुनिकीकरण प्रवर्द्धन गर्न लागत साझेदारीमा विज वितरण गरिनेछ।
- कृषि पेशालाई व्यवसायिक र सम्मानित पेशाको रुपमा विकसित गर्ने नीति लिइने छ ।
- परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक र आधुनिक बनाउँदै सरोकारवालाहरुलाई उत्प्रेरित गरिनेछ।
- एक गाउँ एक उत्पादनका लागि सम्भाव्यता अध्ययन गरी कृषिका कार्यक्रमहरु तय गरिनेछ ।
- युवाहरुलाई कृषि पेशातर्फ आकर्षित गर्न युवा लक्षित कृषि कार्यक्रमहरु लागु गरिनेछ ।
- व्यवसायिक किसान परिचय पत्र प्रदान गर्ने नीति लिइने छ ।
- स्थानीय भू—उपभोग नीति तयार गरि सरकारी सार्वजनिक, ऐतिहासिक जग्गाहरुको संरक्षणमा जोड दिइनेछ।
- गाउँपालिका भित्र एउटा शीतभण्डार स्थापना गर्ने नीति लिइनेछ । कृषि उत्पादकत्व वृद्धिमा साना तथा मझौला सिंचाई आयोजनाहरु संचालन गरिनेछ ।
- व्यवसायिक किसानलाई सुलभ ब्याजदरमा कृषि ऋण प्रदान गर्न व्यवस्थापन मिलाउन गाउँपालिका भित्रका वित्तीय संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- गाउँपालिकाको सबै वडाका सम्भाव्य क्षेत्रलाई साप्ताहिक वा निश्चित बारहरुमा हाटबजार, तरकारी वा अन्य कृषि उत्पादन संकलन केन्द्रका रुपमा विकास गरी कृषिबजारलाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
- लोप हुन लागेका स्थानीय रैथाने जातका बीउ बीजनहरुको संरक्षण गरिनेछ ।

- दुध तथा मासु उत्पादन बृद्धिको लागि कृषकहरुलाई उनीहरुले पालेका पशु पंक्षीको संख्या तथा खेती गर्न उपयोग गरेको जग्गाको आधारमा व्यवसाय उन्मुख र कृषक समुह लक्षित कृषि/पशु मा कार्यक्रम लागु गरिनेछ।
- पशुवस्तुमा पशु उपचार/खोप कार्यमा टेवा पुर्याउन विशेष प्रविधि टोलि परिचालन गरिनेछ।
- सामुहिक वा सहकारी खेती प्रणालीको प्रवर्द्धन गरिने छ ।
- तरकारी वाली, अन्न बालीको बिऊ उत्पादन तथा उच्च मूल्यका फलफुल नर्सरी स्थापनामा व्यवसायिक फर्म, कृषक समूह वा कृषि सहकारीलाई परिचालन गरिनेछ ।
- कृषि वाली तथा पशु विमा गरिने नीति लिइनेछ । दूध, मासुमा आत्मनिर्भर बनी निर्यात गर्ने साथै लेयर्स कुखुराको फर्म सञ्चालनमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- मत्स्य पालनको लागि सम्भाव्यता अध्ययन गरि मत्स्य विकास कार्यक्रम संचालन गरिनेछ ।
- कृषकलाई मध्य नजर गर्दै कृषि प्रायोजनका लागि विद्युतिकरणमा जोड दिइदै आएको नीति लाई निरन्तरता दिईने छ।
- स्थानीय पालिकालाई दुधमा आत्मनिर्भर बनाउने उद्देश्यले दुध तथा दुध जन्य पदार्थ उत्पादन, संकलन, प्रशोधन तथा बजारीकरण कार्यमा प्रोत्साहन गर्नको लागि पालिका भित्रका दुध उत्पादक,कृषक समूह, समिति र सहकारी संस्थाहरु सित साझेदारीमा कार्यक्रम संचालन गर्ने रणनीति अवलम्वन गरिने छ।
- स्थानीय स्तरमा पशुपालनको सुधार, उन्नत नश्लको प्रवर्द्धन, दुग्ध तथा मासु उत्पादनमा वृद्धि, र कृषकको आर्थिक सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रवर्द्धन गर्न गाउँपालिकाले पहिलोपटक कृत्रिम गर्भाधान गर्दा प्रोतसाहन सुविधा वितरण गरिनेछ।
- पशुपालन व्यवसायमा दिगो उत्पादन र पशु आहारको सुनिश्चितता गर्नका लागि पोषणयुक्त घाँस उत्पादन आवश्यक भएकाले गाउँपालिकाले कृषकलाई गुणस्तरीय घाँसको बीउ लागत साझेदारीमा वितरण गरिनेछ।
- पशुहरुमा लाग्ने विभिन्न किसिमका रोगहरु विरुद्ध खोप संचालन लगायतका विविध कार्यक्रम संचालन गर्न थप पशु प्राविधिकको व्यवस्था गरिनेछ।

**<u>२. उद्योग तथा वाणिज्य :</u>**

- गाउँपालिकामा स्थानीय श्रम सीप र प्रविधिमा आधारित लघु उद्योगहरु स्थापना गराउने नीति लिइनेछ ।
- लक्षित वर्गको आय आर्जनमा टेवा पुग्ने कार्यहरु संचालन गरि रोजगारी सृजना गर्ने नीति लिइनेछ ।
- गाउँपालिका भित्र संचालित सम्पूर्ण साना मझौला लघु उद्यमहरुलाई गाउँपालिकामा दर्ता गराउने नीति लिइनेछ ।
- उपभोक्ता हितको संरक्षण गर्न समय समय बजार अनुगमन गर्ने कार्यहरुलाई निरन्तरता दिइनेछ ।
- कालो बजारी, गुणस्तरहीन एवं म्याद गुज्रेका सामान विक्री वितरण गर्ने व्यवसायीलाई कारवाही गरिनेछ ।
- औद्योगिक ग्रामको स्थापनाको सम्भाव्यता अध्ययन गरी उद्योग स्थापना गर्नका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

**<u>३. पर्यटन :</u>**

- एकिकृत पर्यटन विकास गुरुयोजना बनाई पर्यटन विकासका कार्यक्रमहरु तयार गरिनेछ ।
- चन्द्रावति पोखरी क्षेत्र, राम जानकी मन्दिर वेल्ही चपेना, वनैनियाँ भगवती मन्दिर, रतन शेरा पोखरी, वावा डिहावर स्थान नर्घो, राधाकृष्ण मन्दिर, वनैनियाँ दह, भगवती स्थान निर्माण तथा फैकरा को ठुलो ऐलानी पर्ती सरकारी जग्गामा खेल मैदान लगायत पर्यटकीय क्षेत्रहरुको प्रबर्द्धनमा जोड दिइनेछ ।

**<u>४. सहकारी :</u>**

- गाउँपालिका भित्रका सहकारी संस्थाहरुलाई उत्पादनशील र रोजगारी सिर्जना गर्ने कार्यक्रम तर्फ प्रोत्साहित गरिनेछ।
- सहकारीको अनुगमन निरीक्षण गरी वित्तीय सुशासन कायम गर्न तर्फ जोड दिइनेछ ।
- सहकारीको माध्यमबाट व्यवसायिक कृषि, घरेलु तथा साना उद्योगको स्थापना गरी नागरिकहरुको जीवन स्तर उकास्ने नीति लिइनेछ ।
- स्थानीय तहमा कृषिको समुचित विकास, उत्पादन वृद्धि, बजार पहुँच, लागत घटाउने र ग्रामीण जनताको जीवनस्तर उकास्ने उद्देश्यले कृषिसँग जोडिएका सहकारी संस्थाहरूलाई प्रोत्साहन र सुदृढीकरण गर्ने नीति लिइनेछ।

**५. वित्तीय क्षेत्र :**

- नागरिकलाई बैंकिङ्क सेवामा पहुँच अभिबृद्धि गर्न गाउँपालिका भित्र स्थापित बैंक तथा वित्तीय संस्थाहरुलाई जनताको घर दैलोसम्म पुग्ने वातावरण सृजना गरिने छ ।
- वित्तीय क्षेत्रहरुलाई पूंजी निर्माण हुने, उत्पादनशील क्षेत्र र रोजगारी सृजना हुने क्षेत्रहरुमा लगानी गर्न उपयुक्त वातावरण सृजना गरिनेछ ।
- वैदेशिक रोजगारमा गएकाहरूको डाटा संकलन गर्ने व्यवस्था मिलाइने छ ।
- सार्वजनिक निजी साझेदारीको माध्यमबाट पूर्वाधार विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्र निष्क्रिय रहेको पूँजीलाई उत्पादन मुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

**६. रोजगारी :**

- गाउँपालिका स्तरीय सिप विकास तालिम केन्द्र स्थापनाका लागि गाउँपालिकाको साझेदारी सहितको सम्वन्धन प्राप्तिका लागि CTEVT संग सहकार्य गर्ने नीति लिइनेछ।
- वैदेशिक रोजगार न्युणिकरनका लागि रोजगार सेवा केन्द्रलाई शिप विकास तालिमको Hub(केन्द्र) वनाई नमुना रोजगार सेवा केन्द्र वनाईनेछ।
- युवा उद्यमशीलताका कार्यक्रमहरु संचालन गरिनेछ ।
- शैक्षिक बेरोजगार युवा युवतीहरुको तथ्याङक संकलन गरी इच्छा र योग्यताका आधारमा आवश्यक तालिमहरु संचालन गरिनेछ।
- स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता दिई उत्पादन बृद्धि, रोजगारी सृजना र आय आर्जन बृद्धिमा जोड दिइनेछ ।
    - स्थानीय स्तरमा रहेको साधन श्रोतको अधिकतम प्रयोग गर्न जनसमुदायहरुको लागि आत्मनिर्भर बनाउन सिपको अभावले गर्दा उनीहरुलाई स्वावलम्बी बनाउनु पर्ने र बेरोजगारीले ग्रसित यस क्षेत्रलाई क्षमता अभिवृद्धि गरी यस क्षेत्र अन्तर्गत बसोबास गर्ने समुदायलाई रोजगारीमा संलग्न गराउने सोच बनाएको छु।

**ख) सामाजिक विकास :**

**१) शिक्षा :**

- आ.व. २०८२/०८३ को अन्त्य सम्म यस गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गरिनेछ।
- शैक्षिक शुसानका लागि ई हाजिरीको व्यवस्था गरिनेछ।
- कक्षा ८ र १० को विद्यार्थीहरुलाई शैक्षिक गुणस्तर कायम गर्न थप कक्षाको व्यवस्था गरिनेछ।

- स्थानीय पाठ्यक्रम निर्माण तथा लागु गर्ने सम्वन्धी सम्पूर्ण क्रियाकलापहरु आगामी आ.व.मा गरिनेछ।
- प्राविधिक शिक्षामा जोड दिइनेछ ।
- विद्यालयको शैक्षिक गुणस्तर उकास्न अध्यापन र परीक्षा प्रणालीलाई मर्यादित, व्यवस्थित र आधुनिक बनाइनेछ ।
- शिक्षामा सबैको पहुँच स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिका भित्रका सबै सामुदायिक तथा निजी विद्यालयहरुको नियमित रुपमा अनुगमन र मुल्यांकन गरी शैक्षिक सुधार गर्न तर्फ केन्द्रित हुने नीति लिइनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई समय सापेक्ष तालिमको व्यवस्था गरी आवश्यकता र औचित्यताको आधारमा हरेक विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरुको संचालन गरी विद्यार्थीहरुको चौतर्फी विकास गर्ने नीति लिइनेछ ।
- सामुदायिक विद्यालयहरुमा जनप्रतिनिधि, कर्मचारी, विद्यालय व्यवस्थापन समिति र शिक्षकका सन्ततिलाई भर्ना गर्न उत्प्रेरित गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा आधारभुत र माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको लागि विभिन्न छात्रवृति वितरण गरिनेछ ।
- शैक्षिक प्रशासनलाई चुस्त, दुरुस्त र जवाफदेही बनाउन नियमित अनुगमन गरिनेछ ।
- शैक्षिक प्रशासन सुधारमा प्रविधिको प्रयोग र प्रभावकारितालाई बढी जोड दिइनेछ ।
- शिक्षण सिकाईमा सूचना प्रविधिलाई उच्चतम जोड दिइनेछ ।
- गाउँपालिका भित्रका शैक्षिक व्यवस्थापन राम्रो भएका विद्यालयहरुलाई सुचकहरु निर्धारण गरी आधारभूत तथा माध्यमिक विद्यालयहरुलाई पुरस्कृत गरिनेछ ।
- साक्षरता कार्यक्रमहरुलाई अभियानको रुपमा संचालन गरी यस गाउँपालिका क्षेत्र भित्र निरक्षर रहेका वर्ग तथा समुदायलाई साक्षर बनाउने नीति लिइनेछ।
- कक्षा शिक्षणमा प्रविधिको प्रयोग, विषयगत कक्षा शिक्षणमा जुट्न विद्यालयलाई उत्प्रेरणा प्रदान गरिनेछ।
- कक्षा ८ को परिक्षा ग्रेडिङ्ग प्रणालीबाट संचालन गरी वैज्ञानिक र व्यवस्थित गरिनेछ । गाउँपालिकाको छुटै शैक्षिक क्यालेण्डर तयार गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा आवश्यक्ता अनुसार को भवन निर्माण गरिनेछ।
- यस गां.पा. अन्तर्गतमा रहेको बोर्डिङ्ग स्कूलहरुलाई नियमितताको लागि वातावरण वनाइनेछ र अनुगमन गरिनेछ।
- प्राईभेट सेक्टरका स्कुलहरुलाई सुचिकृत गर्न लगाइने छ ।
- यस गाउँपालिका अन्तर्गतका सामुदायीक विद्यालयहरुमा परिक्षा फिस निःशुल्क गरिने छ।

**२. स्वास्थ्य :**

- स्वास्थ्य संस्थाको स्तरउन्नती तथा सेवा प्रवाहको स्तरमा वृद्धी गरिनेछ।
- आगामी आ.व. ०८२/८३ मा न्युन्तम २ देखि ३ वटा वर्थिङ्ग सेन्टर संचालन गरिनेछ।
- ज्येष्ठ नागरिक स्वास्थ्य स्याहार कार्यक्रम अनुरुप ६० वर्ष माथिका नागरिकहरुलाई नियमित स्वास्थ्य परीक्षणका लागि घरघरमा स्वास्थ्यकर्मी जाने अभियान लागु गरिने नीति लिनेछ ।
- पोषणयुक्त गाउँपालिकाको रुपमा घोषणा गर्न बहुक्षेत्रीय पोषण योजनाका कार्यक्रमहरुलाई उच्च प्राथमिकता साथ संचालन गरिनेछ ।
- स्वास्थ्य सेवामा शिघ्र पहुँचका लागि एम्वुलेन्स सेवा संचालनको व्यवस्थालाई प्राथमिकता दिइनेछ ।

- बाल स्वास्थ्य, खोप, पोषण, भिटामिन ए कार्यक्रमलाई प्रभावकारी बनाई प्रत्येक वडामा २ वर्ष मुनिका बालबालिकाको बीचमा स्वस्थ्य बालक प्रतियोगिता सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- प्रत्येक नागरिककले कम्तिमा पनि वर्षको एक पटक स्वास्थ्य परीक्षण गर्ने, रोग पहिचान भएका व्यक्तिको समयमै उपचार गराउन सहजिकरणको लागि गाउँपालिकामा स्वास्थ्य परीक्षण प्रयोगशाला र आवश्यक जनशक्तिको व्यवस्था गर्ने नीति लिइने छ ।
- आधारभुत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैरसरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ। गाउँपालिकाको लगानीमा १५ सैया अस्पताल स्थापना गर्न संघीय सरकार समक्ष माग गरिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रम लागु गर्नको लागि गाउँपालिकाबाट अभिमुखिकरण प्रदान गरिनेछ ।
- महिला स्वयम् सेविकाको सेवालाई अझ प्रभावकारी बनाउन प्रोत्साहन भत्तालाई निरन्तरता दिदै अभिमुखिकरण तालिम संचालन गरिनेछ ।
- मातृशिशु लगायत अन्य स्वास्थ्य सेवामा सुधार ल्याउन गाउँपालिकामा परिचालित सरकारी गैरसरकारी संस्थाका कार्यक्रमहरुलाई परिणाममुखी र प्रभावकारी बनाइनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका दिर्घ रोगीहरुलाई आवश्यक सहयोग गरिनेछ।
- क्षयरोग मुक्त पालिका, पोषण मैत्री पालिका, किशोर किशोरी मैत्री पालिका, पूर्ण खोप पालिका घोषण गर्ने नीति लिइनेछ।
- क्षयरोग मुक्त, पोषण मैत्रि, किशोर किशोरी मैत्री गाउँपालिका घोषणा गर्ने नीति लिईनेछ।

**३. खानेपानी तथा सरसफाई :**

- दिना भद्री खानेपानी आयोजना संचालन गरी १२५ घरी धुरीलाई स्वच्छ तथा शुद्ध खानेपानी वितरणको व्यवस्था गरिनेछ। आयोजनालाई दीर्घकालीन रूपमा सञ्चालन (Operation) र मर्मत (Maintenance) गर्न आवश्यक पर्ने व्यवस्था सुनिश्चित गरिनेछ।
- गाउँपालिका स्तरीय पानी परिक्षण ल्याव संचालन गरिनेछ।
- आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया WASH योजनाको मार्गदर्शनमा हुनेछ। योजना अनुरूप स्रोत परिचालन गरिनेछ।
- सम्पूर्ण खानेपानी सुविधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ।
- गाउँपालिका भित्र फोहोर मैला संकलन केन्द्रको प्रभावकारी र दिगो सञ्चालन गरिनेछ ।
- पूर्ण सरसफाई वडा घोषणा गरी सिंगो गाउँपालिकालाई पूर्ण सरसफाई घोषणा गरिनेछ ।

**४. संस्कृति प्रवर्द्धन :**

- सम्पूर्ण जातजातिको परम्परा तथा संस्कृति संरक्षणमा जोड दिइनेछ ।
- यस गाउँपालिका भित्र धार्मिक रुपमा संचालन हुने विभिन्न मेला तथा महोत्सवहरु संरक्षण संवर्द्धन गरिनेछ।

**५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :**

- महिलाहरुको क्षमता अभिवृद्धिको लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

- आर्थिक, सामाजिक रुपमा पछाडी परेको वर्ग र दलितहरुको आयमा बढोत्तरी हुने खालका सीप र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- लैङ्गिक  हिंसा र घरेलु हिंसाको अन्त्य गर्दै महिला अधिकार र बालबालिकाको सन्दर्भमा जारी भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धी सम्झौता र प्रतिबद्धताको आधारमा महिला र बालबालिकाको संरक्षण, बचाउ, विकास र सहभागितामा जोड दिने नीति लिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई विशेष व्यवस्था गर्दै विश्वव्यापी मापदण्ड अनुरुप सार्वजनिक स्थल , सरकारी भवन, अस्पताल र विद्यालयहरु अपाङ्ग मैत्री बनाइने नीति लिइनेछ ।
- बाल संरक्षण विषयहरु : (जस्तै बालविवाह, बालश्रम, शोषण, बेचविखन, शारीरिक तथा मानसिक दण्डसजाय, विभिन्न किसिमका हिंसा, शोषण, दुव्र्यवहारका सम्बन्धमा) सचेतना अभिबृद्धि तथा साामाजिक परिचालन/अभियान सञ्चालन गरिने छ।
- लैङ्गिक  हिंसा (घरेलु हिंसा, अन्य शारीरिक, तथा मानसिक हिंसा एवम् सामाजिक कुरीतिहरु जस्तै जातीय छुवाछुत, दहेज तथा दाइजो, प्रथा) विरुद्ध अभियान संचालन गरिने ।
- बालबालिका विरुद्ध हुने शारीरिक वा मानसिक दण्ड सजायको वारेमा अभिभावक तथा शिक्षक लक्षित सचेतना कार्यक्रम संचालन गरिने छ।
- बाल संरक्षण तथा लैङ्गिक हिंसा सम्बोधन गर्ने सामुदायिक संयन्त्रको पहिचान, आवश्यकता अनुसार गठन, परिचालन तथा क्षमता अभिबृद्धि गरिने छ।
- बालबालिकाका विरुद्ध हुने हिंसा , शोषण तथा दुव्र्यवहार लगायत लैङ्गिक हिंसा सम्बन्धी रोकथाम तथा सहयोगका लागि विद्यमान सेवा प्रदायक निकायको पहिचान र सूचिकरण तथा सिफारिस प्रणालीको स्थापना गरिने छ।
- बाल संरक्षणको सम्बन्धमा आवश्यक विभिन्न विवरण, तथ्याङ्क तथा सूचनाहरु नियमित सङ्कलन गर्ने प्रणाली व्यवस्थित गरी प्रतिवेदन सार्वजनिक गरिने छ।
- विपद् व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरण योजनामा बालसंरक्षण सम्बन्धी कार्यक्रम समावेश गरिनेछ।
- गाउँपालिकामा वृधाश्रमको व्यवस्था गरिने छ।

**<u>६. जनसंख्या व्यवस्थापन :</u>**

- असन्तुलित रुपमा गाउँबाट शहरमा बसाई सराई गर्ने प्रवृतिलाई निरुत्साहित गर्दै गाउँ—गाउँमा आधारभुत पूर्वाधारहरुको व्यवस्था गरी शैक्षिक गुणस्तरको विकासमा टेवा पुग्ने नीति लिइनेछ ।
- कृषि प्रविधिमा आधारित व्यवसायको प्रवर्द्धन गरी युवाहरुको विदेश पलायन हुने क्रमलाई रोक्ने नीति लिइने छ ।

**<u>ग) पूर्वाधारहरुको व्यवस्था :</u>**

**<u>१. सडक तथा पुल :</u>**

- गाउँपालिका भित्रका सम्पूर्ण ग्रामिण सडकहरुको स्तर उन्नतिका लागि वृहत सडक गुरुयोजना अन्तर्गत सडक संजाल विस्तार गर्ने नीति लिइनेछ।
- गाउँपालिका भित्रका वडा कार्यालय जोडिने तथा अन्य महत्वपूर्ण सडकहरुलाई सबै मौसममा चल्न सक्ने (All Weather Road) सडकको रुपमा विकास गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- पूर्वाधार विकासमा उच्तम प्रतिफल दिन सफल वडा कार्यालयलाई पुरस्कृत गरिने छ।
- गा.पा. भरी रहेका सडकहरुलाई मेन सडक शम्भुनाथ वनैनियाँ सडकमा जोडिनेछ।
- राजगढ गाउँपालिका भित्र रहेका सवै गाउँहरुलाई रिंग रोडमा जोडिनेछ।

**२. सिंचाई :**

- राजगढ गाउँपालिका भित्रका मुख्य खेती योग्य जग्गाहरुको सम्भाव्यता अध्ययन गरी सिंचाईको प्रबन्ध गरिनेछ ।
- बेमौसमी तथा हिउँदे तरकारी खेतीको लागि सिंचाई प्रवन्ध गर्ने नीति लिइनेछ ।

**३. भवन :**

- राजगढ गाउँपालिका भित्र कुनै पनि भौतिक पूर्वाधार निर्माण गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।
- एकिकृत बस्ती विकास सम्बन्धी नीति लिइनेछ ।

**४. सञ्चार :**

- गाउँपालिका भित्र बजार उन्मुख बस्तीहरुमा ल्याण्ड लाइन टेलिफोन सेवा विस्तार गर्न नेपाल टेलिकम सँग समन्वय गर्ने निती लिइनेछ ।

**५. उर्जा तथा विद्युतीकरण :**

- राजगढ गाउँपालिका भित्रको विद्युत आपूर्ति गर्नको लागि वडा नं. ३ मा अवस्थित रतन सेरा पोखरीको डिलमा ९९९ किलोवाटको वैकल्पीक उर्जा प्रणाली स्थापना गरिनेछ।
- मुख्य बजार क्षेत्रहरुमा सौर्य सडक बत्तीको व्यवस्था गर्ने नीति लिइनेछ ।
- विद्यालय, स्वास्थ्य चौकी, पर्यटकीय तथा धार्मिक स्थलमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र संगको सहकार्यमा सौर्य बत्ती जडान गर्ने नीति लिइनेछ।
- सौर्य उर्जा र वायो ग्याँस प्रविधी जडान गरिनेछ ।

**घ) बातावरण तथा विपद व्यवस्थापन विकास :**

**१) वन तथा भू—संरक्षण :**

- गाउँपालिका स्तरीय नर्सरी आ.व. २०८१/८२ मै स्थापना भएकोमा त्यसलाई निरन्तर्ता दिइनेछ।
- गाउँपालिका क्षेत्र भित्र रहेका वाँझो निजि तथा सार्वजनिक जग्गामा वृक्षारोपण गरी पर्यावरण संरक्षणमा टेवा पुर्याइनेछ।
- गाउँपालिका स्तरीय वन नर्सरीवाट उत्पादित वोट विरुवाहरु संघीय सरकारको एक घर एक विरुवा नीति अनुरुप सवै वडाहरुमा निशुल्क वितरण गरिनेछ।
- निजि वृक्षारोपन कार्यलाई प्रोत्साहित गरिनेछ।

**२. वातावरण संरक्षण :**

- नेपाल सरकारले तयारी गरी लागु गरेको वातावरण मैत्री स्थानीय शासनको प्रारुप अनुसार यस गाउँपालिकाले यसै आ.व. देखि नै कार्य आरम्भ गर्नेछ र यस प्रारुपलाई गाउँपालिकाको मुल नीतिको रुपमा लिई सम्बन्धित कार्यक्रम संचालन गर्नेछ ।
- प्राकृतिक वातावरणको संरक्षण पुनर्स्थापना र दिगो उपयोगमा जोड दिइनेछ ।

- वातावरण व्यवस्थापनको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भुमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरण मैत्री बनाउनेछ ।

**३. जलवायु परिवर्तन :**

- जलवायु अनुकुलित गाउँपालिका, प्रदुषण न्यूनिकरण र दिगो विकासका लागि वातावरण मैत्री कार्यक्रमहरुलाई जोड दिइनेछ ।
- स्वच्छ र हरियाली वातावरणका लागि सार्वजनिक स्थलमा वृक्षारोपन कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**४. फोहोर मैला व्यवस्थापन :**

- गाउँपालिका भित्र फोहोर मैला व्यवस्थापन केन्द्र स्थापित गरि व्यवस्थित र प्रभावकारी बनाउने नीति लिइनेछ ।
- नागरिकहरुमा कुहिने नकुहिने फोहोर मैलाको वर्गीकरण गरि फोहोरलाई उपयुक्त स्थानमा व्यवस्थापन गर्न सहयोग पुऱ्याउने खालको कार्यक्रमहरु संचालन गरिनेछ ।

**५. जल उत्पन्न प्रकोप नियन्त्रण :**

- वर्षाको समयमा हुन सक्ने वाढी पहिरो रोकथाम गर्नको लागि सचेतना कार्यक्रम तथा तत्काल उद्दारको लागि प्रयोग हुने सामाग्री र जनशक्तिको व्यवस्थापन गरिनेछ ।

**६. विपद व्यवस्थापन :**

- आकस्मिक रुपमा आइपर्न सक्ने विपदको व्यवस्थापन गर्नको लागि समुदाय, सरोकारवाला संघ संस्थाहरु सँग समन्वय गरी विपद पूर्वको तयारी , विपद पश्चातको उद्दार कार्यक्रमहरु बनाई लागु गर्ने नीति लिइनेछ ।

**ङ) संस्थागत विकास सेवा प्रवाह :**

**१) मानव संसाधन विकास :**

- सामाजिक आर्थिक उद्यमशिलताको विकास गर्दै युवाहरुलाई रोजगारी तथा स्वरोजगारी र सामाजिक कार्यका लागि अवसर प्रदान गरिनेछ ।
- श्रम बजारमा माँग अनुरुपको जनशक्ति तयारी गर्न आवश्यक कार्यक्रमहरु तय गरी लागु गरिनेछ ।

**२. सामान्य सेवा व्यवस्थापन :**

- सामाजिक सेवा प्रवाहलाई पारदर्शी, चुस्त, गुणस्तरीय र नागरिक मैत्री बनाउने नीति लिइनेछ ।
- वर्षको १ पटक प्रत्येक वडामा घुम्ती सेवा प्रदान गर्ने नीति लिइनेछ ।

**३. संस्थागत क्षमता विकास :**

- नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मनत्रालय सूचना बमोजिम यस गाउँपालिकाको कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।
- प्राविधिक जनशक्तिहरुलाई आवश्यक उपकरण उपलब्ध गराई विकास निर्माणको कार्यमा गुण्स्तरता कायम गरिनेछ।
- समय सापेक्ष कर्मचारी र पदाधिकारीहरुको क्षमता विकासको लागि समय समयमा तालिम, गोष्ठी, अभिमुखिकरणका कार्यक्रमहरु संचालन गरिने नीति लिइनेछ ।

- गाउँपालिका , वडा र विषयगत कार्यालयहरुमा सूचना प्रविधिमा आधारित उपकरणको व्यवस्थापन गरि सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने नीति लिइनेछ ।

**४. राजश्व परिचालनः**

- राजगढ गाउँपालिका लगायत छ वटै वडाकार्यालयहरुमा विभिन्न श्रोतवाट प्राप्त हुन आउने राजश्व समयमै बैंक दाखिला गराउन कडाई गरिनेछ।
- गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने श्रोतहरुको पहिचान गरी राजस्व परिचालन गरिनेछ ।
- नागरिकहरुमा कर तिर्ने बानीको विकास गरी राजश्व चुहावट प्रवृतिलाई निरुत्साहित गरिनेछ ।
- वार्षिक रु. ५० हजार भन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपले पुरस्कृत तथा सम्मान गर्ने व्यवस्था मिलाइनेछ।
- नक्सा पास नभइ बनेका घरहरुलाई व्यस्थित गर्न केही समयको लागि नक्सा पास दस्तुर छुट गरी सवै निर्मित घरहरुको नक्सा पास गराउने नीति अवलम्वन गरिनेछ।
- स्वास्थ्य उपचारको सिफारिस निःशुल्क गरिनेछ।
- विपन्नताको सिफारिस निःशुल्क गरिनेछ।

**५. वित्तीय व्यवस्थापन :**

- लेखा व्यवस्थापन तथा लेखापालनलाई मितव्ययी र प्रभावकारी बनाइने छ ।
- सार्वजनिक खर्चको मितव्ययितालाई विशेष ग्राहयता दिइनेछ ।
- आन्तरिक लेखा परिक्षण प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाई आन्तरिक लेखा नियन्त्रण गर्ने नीति लिइनेछ ।

**६. सुरक्षा व्यवस्थापन :**

- राजगढ गाउँपालिकाको केन्द्र लगायत पालिका भित्रका सम्पूर्ण बजार क्षेत्र र सुरक्षाको उच्च जोखिम रहेका क्षेत्रहरुमा सि.सि. क्यामरा जडान गरि आवश्यक निगरानी राखिनेछ ।
- चोरी, लागु औषधी तथा अन्य अपराधिक क्रियाकलापहरुलाई नियन्त्रण गर्न सुरक्षा निकायसँग समन्वय र सहकार्य गर्ने नीति लिइनेछ।

**७. स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन :**

- गाउँपालिकाको विभिन्न क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरु संकलन गर्ने र संकलन भएको तथ्याङ्कलाई आधुनिक प्रविधिबाट अद्यावधिक गर्दै अभिलेख सुरक्षित तरिकाले व्यवस्थापन गर्ने नीति लिइनेछ ।

**८. सूचना प्रविधि :**

- पालिकाको डिजिटल प्रोफाईल तयार गरी यस पालिकालाई प्रविधि मैत्री डिजिटल पालिकामा परिणत गर्ने कार्य अगाडि बढाइनेछ।
- गाउँपालिका तथा मातहतका कार्यालय, सामुदायीक विद्यालयमा जडान भएका e-हाजीरी लाई नेपाल सरकारको केन्द्रिय विद्युतिय हाजिरी प्रणालीमा आवद्ध गरिनेछ।
- एकीकृत सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरूलाई सूचना प्रविधिसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

- सेवा प्रवाहमा डिजिटल नागरिक वडापत्र, डिजिटल सूचना पाटी (Digital Notice Board), सामाजिक सञ्जाल लगायत प्रविधिहरूको समन्वयमा सेवा प्रवाह गरिनेछ।
- स्थानीय तह स्वमूल्यांकन कार्यविधि, २०७७, वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ र स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ का सूचकहरूमा आधारित भई राम्रा अभ्यासलाई निरन्तरता दिइनेछ, सुधार आवश्यक क्षेत्र पहिचान गरी क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयनमा तीव्रता ल्याइनेछ।
- गाउँपालिकामा जडान भएको इन्टरनेट लाई व्यवस्थित गरिनेछ।
- गाउँपालिका कार्यालय तथा मातहतका सवैवडा कार्यालयहरु बीच इन्टरानेटको माध्यमबाट रिर्पोट पेश, सुचना आदान प्रदान गर्ने प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा , कार्यक्रम, सूचना प्रवाह प्रणालीलाई प्रभावकारी र पारदर्शी बनाउनको लागि Website, Mobile App मार्फत समयमा सार्वजनिक गरिने छ र सूचना प्रविधिको उच्चतम उपयोग गरी अनलाईन सेवा प्रवाहको नीति लिइनेछ।
- नागरिकहरुमा इन्टरनेटको माध्यमबाट सूचना लिने दिने, गुनासो टिपोट गराउने प्रणालीको विकास गरिनेछ ।
- राजगढ गाउँपालिका लगायत छ वटै वडाकार्यालयहरुमा प्राप्त हुन आउने राजश्व अनलाईन प्रविधि वाट संकलन गर्ने व्यवस्था गरिने छ।

**<u>९. सार्वजनिक सुनुवाई :</u>**

- गाउँपालिकाको सेवा प्रवाहको प्रभावकारिता र पारदर्शिता सम्बन्धमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाईको कार्यक्रम गर्ने नीति लिइनेछ ।
- सुझाव पेटिका मार्फत प्राप्त गुनासोहरुलाई दैनिक रुपमा प्राप्त गरि फछ्र्यौट गर्दै जाने नीति लिइनेछ ।

**<u>१०. पञ्जीकरण व्यवस्थापन :</u>**

- गाउँपालिकाको व्यक्तिगत घटना दर्ता अनलाईन प्रणाली, सामाजिक सुरक्षा भत्तालाई आधुनिक बैंकिङ्ग प्रणाली मार्फत वितरण हुने प्रक्रियालाई सुदृढीकरण गर्ने व्यवस्था मिलाइनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरणका लागि संघिय सरकार बाट प्राप्त अनुदान वाट विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

**<u>११. सुशासन प्रवर्द्धन :</u>**

- E-governance को अवधारणा बमोजिम गाउँपालिकाको क्रियाकलापलाई लगिने नीति लिइनेछ।
- कर्मचारीलाई सेवाप्रति लगनशील र कर्तव्यनिष्ठ बनाई जनमुखी सेवा प्रवाहमा जोड दिइनेछ र यसको लागि दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याईनेछ ।
- गाउँपालिकालाई शून्य सहनशीलता सहितको भ्रष्टाचारमुक्त र सदाचार युक्त बनाउन सुशासनका आधारभुत मान्यताहरुलाई आत्मसात गर्दै तदअनुकुलको व्यवहार गर्दै लगिनेछ ।
- कर्मचारीको मनोबल उच्च पार्ने नीति लिइनेछ र कार्यालयको हित र आन्तरिक राजस्व वृद्धिमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई क्रमशः प्रथम, द्वितीय र तृतीय उत्कृष्ट कर्मचारी घोषणा गर्न आवश्यक मापदण्ड तयारी गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा सुशासन तथा अनुशासन कायम गर्न गाउँ नगर प्रहरीको व्यवस्था गरिनेछ।

## १२. बेरुजू फछ्र्यौंट :

- हाल सम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइनेछ , पेश्की दिने कार्यलाई निरुत्साहित गरिने छ । पुरानो पेश्की फछ्र्यौंट गर्न वाँकी रहेको व्यक्ति वा संघ संस्थाहरुलाई अविलम्ब पेश्की फछ्र्यौंट गराउन आवश्यक पहल गरिनेछ।

## १३. अन्य नीतिहरु :

- समाजका लागि युवाको योगदान कार्यक्रम सम्बन्धि नीति लिइनेछ ।
- युवा उद्यम कार्यक्रम संचालन गरिनेछ ।
- युवाहरुको प्रतिभा पहिचान र थप विकास गरिनेछ । गाउँपालिका अध्यक्ष कप खेलकुद प्रतियोगितालाई संचालन गरिनेछ ।
- गाउँपालिकाका सबै वडाहरुमा वडा स्तरीय मेलमिलाप समितिको गठन गरि वडा तहमै न्याय निरुपण गर्ने नीति लिइनेछ ।
- विभिन्न साहित्य गतिविधि संचालन गरिनेछ ।
- गाउँपालिका भित्रका कला, संस्कृति र सृजनामा लागेका सर्जकहरु तथा बौद्धिक व्यक्तित्वहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।
- गाउँपालिका भित्रका ऐलानी पर्ती, सरकारी जग्गाहरुको लागत अद्यावधिक गर्ने गरिने छ।
- गाउँपालिका संचालनका लागी अनुकुल हुने नीति, नियम, ऐन, निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने गरिने छ।
- यस गाउँपालिकावाट संचालन भएको वा हुने सवै प्रकारका पूर्वाधार वा अन्य बहुवर्षिय योजना तथा कार्यक्रमलाई प्राथमिकता साथ निरन्तरता दिइनेछ।

अव म आ.व. २०८२/०८३ को अनुमानित बजेट प्रस्तुत गर्न गइरहेछु।

| आ.व. २०८२/०८३ को अनुमानित | | | |
|---|---|---|---|
| **आय** | | **व्यय** | |
| **शीर्षक** | **रकम** | **शीर्षक** | **रकम** |
| वित्तिय समानीकरण | १०१४००००० | चालु तर्फ | ३६६६००९५३ |
| राजश्व वाडँफाडँबाट | ९३१७१०२३ | पुंजिगत तर्फ | १२४९७६७१० |
| आन्तरिक राजश्व | ११०५०००० | **जम्मा** | **४९१५७७६६३** |
| सशर्त अनुदान | २७३४२९९३० | | |
| प्रदेश सरकार वित्तिय समानीकरण | ६९९७००० | | |
| प्रदेश सरकार राजश्व वाडँफाडँबाट | ५५२९७१० | | |
| **जम्मा** | **४९१५७७६६३** | | |

अन्त्यमाः

राजगढ स्थानीय सरकार माथि नागरिकहरुको ठुलो आशा र भरोसा छ ।सोही आशा र भरोसालाई कायम राख्न र गाउँपालिकाको समृद्धिको लागि सिमित स्रोत र साधनको अत्याधिक प्रयोग गर्ने गरि सबै क्षेत्रको सन्तुलित ढङ्गले विकास हुने गरी स्रोत परिचालन गर्नु पर्ने देखिन्छ । संविधान प्रदत्त जनताको मौलिक हक र अधिकारको निर्वाध उपभोगको वातावरण सृजना गर्न नीतिगत संस्थागत व्यवस्थापन गर्नु आवश्यक देखिन्छ। गाउँपालिकाले लिएको नीति र बनाएको बजेट कार्यान्वयनमा सम्पूर्ण गाउँसभाका सदस्यहरु, सम्बद्ध सबै पक्षहरु, कर्मचारी मित्रहरुबाट सहयोग, सल्लाह र समन्वयको आशा गरेको छु ।अन्त्यमा नीति तथा कार्यक्रम र बजेट तर्जुमाका क्रममा सुझाव र सहयोग दिनुहुने गाउँपालिकाका उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरु, वडा अध्यक्षहरु, गाउँसभाका सदस्यहरु, विभिन्न विषयगत समितिका संयोजकहरु, प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाका शुभचिन्तकहरु, उद्यमी, व्यवसायी, सामाजसेवी, बुद्धिजीवि, पत्रकार लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद।

ओम प्रकाश मंडल
(गा.पा. अध्यक्ष)
राजगढ गाउँपालिका, नर्घो, सप्तरी